**आकाशवाणी समाचार- नेपाली**
मितिः ३१ मई २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणीमा 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरु संग विचार साझा गर्नु हुनेछ।

२. केन्द्रीय ऊर्जा, आवास र शहरी मामिला मन्त्री मनोहरलाल खट्टरले हिजो पश्चिम बंगालका लागि 'स्वच्छता' एप सुरू गर्नुभयो।

३. पश्चिम बंगाल सरकारले राज्यका सबै निजी अस्पताल र नर्सिङ होमहरूमा कम्तिमा १५ प्रतिशत बेड खाँचोमा परेका बिरामीहरूको निम्ती आरक्षित गर्ने निर्णय गरेको छ।

४. दार्जिलिङ पहाडी क्षेत्रमा सञ्चालन भइरहेको अम्रुत २.० परियोजनामा अनियमितता भएको आशंकापछि सम्बन्धित सबै एजेन्सीहरूलाई जाच गरिने जानकारी प्राप्त भएको छ।

र

५. आज **विश्व तंबाकू निषेध दिवस** विभिन्न कार्यक्रम गरी मनाइँदैछ।

**पीएम-मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान 11 बजे आकाशवाणीमा 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरु संग विचार साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको 134 औ संस्करण हुनेछ।
कार्यक्रमको प्रसारण आकाशवाणी अनि दूरदर्शनको सबै नेटवर्क, एआईआर न्यूज़ वेबसाइट अनि न्यूज़ऑनएआईर मोबाइल ऐपमा गरिने छ। यसको सीधा प्रसारण आकाशवाणी न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय तथा सूचना अनि प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि गरिने छ। हिंदी प्रसारण पछि आकाशवाणी बाट प्रादेशिक भाषाहरुमा पनि कार्यक्रम प्रसारित गरिने छ।

**'स्वच्छता' ऐप**

केन्द्रीय ऊर्जा, आवास र शहरी मामिला मन्त्री मनोहरलाल खट्टरले हिजो कोलकातामा पश्चिम बंगालका लागि 'स्वच्छता' एप सुरू गर्नुभयो। सो अवसरमा मुख्यमन्त्री शुभेन्दु अधिकारी, शहरी विकास मन्त्री अग्निमित्रा पल, विद्युत मन्त्रालयका सचिव पंकज अग्रवाल, दामोदर घाटी निगमका अध्यक्ष सुरेश कुमार लगायत वरिष्ठ अधिकारी तथा गणमान्य व्यक्तिहरू उपस्थित थिए। कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खट्टरले सरसफाइ र फोहोरमैला व्यवस्थापन सहरी विकासको मुख्य आधार भएको बताउदै घर-घरमा फोहोर सङ्कलन, छुट्याउने र वैज्ञानिक प्रशोधनको प्रभावकारी व्यवस्थाले शहरी क्षेत्रमा सरसफाइलाई नयाँ दिशा दिने बताउनुभयो। यसको साथमा उहाले राम्रो पूर्वाधार र आधुनिक प्रणालीको साथ, प्रत्येक वर्ष लाखौं टन फोहोरको वैज्ञानिक व्यवस्थापन गर्न सम्भव हुनेमा बिस्वाश गर्नुभयो। यसैबीच पहिलो चरणमा राज्यका १० नगरपालिकामा एप सुरु गरिने मुख्यमन्त्री सुवेन्दु अधिकारीले जानकारी दिनुभयो। जसमा आसनसोल, दुर्गापुर, बासिरहाट, पुजाली, तुफानगञ्ज, कान्थी, कृष्णनगर, वैद्यबती, मध्यमग्राम लगायत अन्य नगरपालिका सामेल छन्। पछि यसलाई राज्यका सबै नगरपालिकाहरूमा विस्तार गरिनेछ। यसका साथमा २०४७ सम्ममा विकसित भारत निर्माण गर्ने लक्ष्य र प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदृष्टिअनुरूप पश्चिम बङ्गालको विकासको दिशामा यो पहल एक महत्वपूर्ण कदम भएको उहाले बताउनु भयो। केन्द्र सरकारका विभिन्न योजनाहरूको उल्लेख गर्दै मुख्यमन्त्रीले जल जीवन मिशन अन्तर्गत राज्यलाई 39 हजार करोड़, राष्ट्रिय स्वास्थ्य मिशन अन्तर्गत २,१०३ करोड र आयुष्मान भारत योजना अन्तर्गत

९७६ करोड  आवंटन गरिएको बताउनु भयो। बंगाल की नगर विकास मंत्री अग्निमित्रा पॉल ने कहा कि इसका उद्देश्य स्वच्छ, हरित और आधुनिक बंगाल का निर्माण करना है। यस्तै राज्यका सहरी विकास मन्त्री अग्निमित्रा पलले स्वच्छ, हरित र आधुनिक बङ्गाल निर्माण गर्ने लक्ष्य रहेको बताउनु भयो। सरकार, संस्था र नागरिकको संयुक्त प्रयासले मात्र वातावरणीय दिगोपना र जीवनस्तरमा सुधार ल्याउन सकिने उहाको भनाइ छ । उहाले भन्नुभयो "स्वच्छ बङ्गाल" को अवधारणा "सोनार बङ्गाल" र "विकसित भारत" को बृहत् लक्ष्यसँग जोडिएको छ र आधुनिक र पर्यावरण-अनुकूल शहरी केन्द्रहरूको निर्माणको लागि सबैको सहभागिता आवश्यक छ।

## 15 प्रतिशत आरक्षित

पश्चिम बंगाल सरकारले स्वास्थ्य सेवालाई सुलभ र किफायती बनाउने उद्देश्यका साथ राज्यका सबै निजी अस्पताल र नर्सिङ होमहरूमा कम्तिमा १५ प्रतिशत बेड खाँचोमा परेका बिरामीहरूको निम्ती आरक्षित गर्ने निर्णय गरेको छ। हिजो साल्ट लेकस्थित बिधाननगर सब-डिभिजनल अस्पतालमा किशोरीहरूका लागि निःशुल्क ह्युमन प्यापिलोमा भाइरस (एचपीभी) खोप कार्यक्रमको शुभारम्भ कार्यक्रममा मुख्यमन्त्रीले यस्तो घोषणा गर्नुभयो। मुख्यमन्त्रीले निजी अस्पताल र नर्सिङ होमहरूमा आरक्षित गरिने यी बेडहरू गरीब बिरामीहरूको निःशुल्क उपचारको लागि प्रयोग गरिने र सरकारी अस्पतालहरूमा बेड उपलब्ध नभएको अवस्थामा प्रयोग गरिने बताउनु भयो। उहाले आर्थिक रूपमा कमजोर वर्गलाई राम्रो र पहुँचमा पुग्ने स्वास्थ्य सेवा प्रदान गर्नु सरकारको लक्ष्य रहेको बताउनु भयो। स्वास्थ्य विभागका अधिकारीहरूका अनुसार राज्यले राष्ट्रिय स्वास्थ्य मिशन (एनएचएम) अन्तर्गत ५२७ करोड प्राप्त गरेको छ भने आयुष्मान भारत योजनाका लागि थप ९७६ करोड  आवंटित गरिएको छ। यस योजना अन्तर्गत राज्यका लगभग १ करोड ३६ लाख परिवारले नकदरहित उपचार पाउनेछन् । मुख्यमन्त्रीले यस योजनाका लाभार्थीहरूले देशभरिका सबै एम्स र अन्य सूचीबद्ध अस्पतालहरूमा उपचार प्राप्त गर्न सक्षम हुने बताउनुभयो। यसबाहेक अन्य राज्यमा काम गर्ने प्रवासी कामदारलाई पनि यो योजनाको दायरामा ल्याइनेछ जसले गर्दा उनीहरूले कार्यस्थलमा पनि स्वास्थ्य सुविधाको लाभ लिन सक्नेछन् । मुख्यमन्त्रीले प्राथमिक स्वास्थ्य सेवालाई बलियो बनाउनका लागि सञ्चालित स्वास्थ्य एकाइहरूको नाम 'आयुष्मान मन्दिर' राख्ने घोषणा पनि गर्नुभयो।

प्रधान मन्त्री जन औषधि केन्द्रहरूको भूमिकाको उल्लेख गर्दै उहाले भन्नुभयो जन औषधि केन्द्रहरूमा खुला बजारमा १००० रुपैयाँसम्मको औषधि लगभग १०० रुपैयाँमा उपलब्ध हुन सक्छ। हाल राज्यमा ७६७ जन औषधि केन्द्रहरू कार्यरत छन्, जहाँ क्यान्सर लगायत धेरै गम्भीर रोगहरूको जेनेरिक औषधिहरू सहुलियत दरमा उपलब्ध गराइन्छ।

## शमिक भट्टाचार्य

पश्चिम बंगालका भाजपा अध्यक्ष शमिक भट्टाचार्यले राज्यको नयाँ भाजपा सरकारले जनसंख्या नियन्त्रणका लागि विशेष उपायहरू विचार गर्न सक्ने संकेत दिनुभयो। हिजो बिधाननगर अस्पतालमा सर्वाइकल कैंसर टीकाकरण कार्यक्रमको शुभारम्भ कार्यक्रममा बोल्दै उनले राज्य सरकारले परिवार नियोजनलाई प्राथमिकता दिनुपर्ने र जन्म नियन्त्रण र जनसंख्या व्यवस्थापनमा व्यापक जनचेतना अभियान चलाउनुपर्ने बताउनु भयो। शमिक भट्टाचार्यले पश्चिम बंगालमा बढ्दो जनसंख्या नियन्त्रण गर्न ठोस नीतिको आवश्यकता रहेको बताउदै राज्य सरकारले परिवार नियोजनलाई प्राथमिकता दिनुपर्ने र आवश्यक परेमा यस सम्बन्धमा सरकारले ठूलो अभियान चलाउनुपर्ने बताउनु भयो।

## अन्नपूर्णा योजना

पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीले ‘अन्नपूर्णा योजना’लाई  लिएर जारी आशंकाहरुलाई हटाउने प्रयास गर्दै फॉर्म भर्नको लागि सरकारी प्रतिनिधिहरु प्रत्येक लाभार्थीको घर-घर  जाने बताउनु भयो ।उहाँले मानिसहरूलाई कुनै पनि प्रकारको अफवाहमा ध्यान नदिन  अपील गर्नुभयो ।

## अम्रुत २.०

दार्जिलिङ पहाड क्षेत्रमा सञ्चालन भइरहेको अम्रुत २.० परियोजनामा अनियमितता भएको आशंकापछि सम्बन्धित सबै एजेन्सीहरूलाई जाच गरिने भएको छ। यस विषयमा चाँडै नै विस्तृत अनुसन्धान अघि बढाइने स्रोतले जनाएको छ।स्रोतका अनुसार अम्रुत  २.० अन्तर्गत दार्जिलिङ जिल्लाका लागि करिब १,५०३.६७ करोड रुपैयाँ स्वीकृत गरिएको थियो। यस योजनाअन्तर्गत

खरासांग नगरपालिकालाई २१०.८ करोड रुपैयाँ, मिरिक नगरपालिकालाई अतिरिक्त बजेटसहित २०९ करोड रुपैयाँ, दार्जिलिङ नगरपालिकालाई २९८.६ करोड रुपैयाँ तथा कालेबुङ नगरपालिकालाई १९७.९७ करोड रुपैयाँ आबंटन गरिएको थियो। यी रकमहरू मुख्य रूपमा खानेपानी आपूर्ति, वातावरण संरक्षण तथा शहरी विकाससम्बन्धी परियोजनाहरूका लागि प्रदान गरिएको बताइएको छ। यसअघि पनि अम्रुत १.० अन्तर्गत विभिन्न योजनाहरूका लागि रकम छुट्याइएको थियो।
यसैबीच, पश्चिम बंगालकी मुख्यमन्त्री  सुवेन्दु अधिकारीले जीटीए क्षेत्रमा सञ्चालन भएका अम्रुत परियोजनाको कार्यान्वयनबारे अनुसन्धान गर्न विशेष जाँच टोली (SET) गठन गर्ने निर्देशन दिनुभएको छ। उक्त विशेष जाँच टोलीलाई सात दिनभित्र आफ्नो प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ। अनुसन्धान पूरा नभएसम्म अम्रुत सम्बन्धी काममा संलग्न सबै एजेन्सीहरूलाई ब्ल्याकलिस्ट गरिने बताइएको छ। यस घटनाले पहाड क्षेत्रमा विगतको सरकार हुँदा विकास परियोजनाको पारदर्शिता तथा कार्यान्वयन प्रक्रियामाथि गम्भीर प्रश्न खडा गरेको छ।

## विश्व तंबाकू निषेध दिवस

आज **विश्व तंबाकू निषेध दिवस** विभिन्न कार्यक्रम गरी मनाइँदैछ। यो दिवस विश्व स्वास्थ्य संगठनले सुर्तीजन्य पदार्थको प्रयोगलाई पूर्ण रूपमा हटाउन सुरु गरेको महत्वपूर्ण विश्वव्यापी पहलको हिस्सा हो। यस वर्षको विषयवस्तु - **अपील का अनावरण - निकोटीन और तंबाकू की लत से निपटना**। (अपीलको अनावरण हो - निकोटिन र सुर्तीजन्य लतसँग जुध्न।) रहेको छ।यस अवसरमा केन्द्रीय स्वास्थ्य सचिव पुण्य सलिला श्रीवास्तवले शुक्रबार नयाँ दिल्लीमा तंबाकू मुक्त शैक्षिक संस्थाहरूको एप्लिकेसनको प्रायोगिक संस्करण शुभारंभ गर्नुभयो। यस एप्लिकेशनको उद्देश्य देशभरिका स्कूल र कलेजहरूमा सुर्तीजन्य पदार्थ-मुक्त नियमहरूको कार्यान्वयन र अनुगमनलाई सुदृढ पार्नु हो। यो पहलले शैक्षिक संस्थाहरूद्वारा स्व-मूल्याङ्कन र रिपोर्टिंगको प्रक्रियालाई सजिलो बनाउनेछ। यसले तंबाकू मुक्त दिशानिर्देशहरूको अनुपालनको सही निगरानी सक्षम गर्दछ। यसका साथै शैक्षिक संस्थाहरुमा सूर्तीजन्य पदार्थ नियन्त्रण चेतावनी संकेतहरुको कार्यान्वयन सुनिश्चित गर्नुका साथै विद्यालय तथा कलेजको सय यार्डभित्र सुर्तीजन्य पदार्थको बिक्री निषेध गर्न पनि सहयोग पु¥याउँछ।

## अभिषेक बनर्जी

तृणमूल कांग्रेस (टीएमसी) का राष्ट्रिय महासचिव तथा लोकसभा सांसद अभिषेक बनर्जी शनिबार पश्चिम बंगालमा विधानसभापछि भएको हिंसाबाट प्रभावित मजदुरका परिवारलाई भेट्न दक्षिण २४ परगना जिल्लाको सोनारपुर पुग्दा विरोध प्रदर्शनको सामना गर्नुपरेको थियो। प्रदर्शनकारीले उनको विरोधमा नाराबाजी गरेका थिए। प्रदर्शनकारीले अण्डा र जुत्ता फ्याँकेको र धकेल्ने र धकेल्ने रिपोर्टहरू पनि आएका थिए। प्रत्यक्षदर्शीका अनुसार अभिषेक बनर्जी सोनारपुर प्रवेश गर्ने क्रममा वाहन छोडेर मोटरसाइकलमा अघि बढिरहेका थिए। यसैबीच, प्रदर्शनकारीहरूको भीडले उनीहरूको बाटो घेरे। स्थिति तनावपूर्ण बनेपछि उनले सुरक्षाका लागि क्रिकेट हेलमेट लगाए र आफ्नो कार्यक्रम जारी राखे।

****** ० ******